म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २९७ शनिबार २७ जेठ २०८० ने. सं. ११४३ तछलागा 10 June 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ३५ जनालाई छात्रावृत्ति वितरण

हेटौंडा, २६ जेठ/हेटौंडा-१४ स्थित भुकुटी माध्यमिक विद्यालयले दलित विद्यार्थी र छात्रागरी ३५ जनालाई छात्रवृत्ति वितरण गरेको छ । १४ नम्वर वडाका वडासदस्य बीना वाईबाले बिहिवार विद्यालयमा आयोजित एक कार्यक्रममा नेपाल सरकारले प्रदान गर्ने 'छात्रा शिक्षा कोष' अन्तर्गतको छात्रावृत्ति ४ सय रुपैयाँका दरले वितरण गरेका हुन् । १ कक्षादेखि ८ कक्षासम्मका अध्ययनरत विद्यार्थीलाई दिइने छात्रवृत्ति बिहिवार पहिलो चरणमा कक्षा ६ देखि ८ सम्मका ३५ जना दलित र छात्रालाई वितरण गरिएको विद्यालयका लेखापाल सिद्धान्त सापकोटाले जानकारी दिएका छन् । सापकोटाका अनुसार १ देखि ५ कक्षा र ६ देखि ८ सम्म बाँकी विद्यार्थीलाई पनि केही दिनमा वितरण गर्ने बताए । सरकारबाट भृकुटी माध्यमिक विद्यालयलाई छात्रबृत्ति शीर्षकमा ४६ हजार ४ रुपैयाँ रकम आएको विद्यालयका प्रधानध्यापक अच्युतकृष्ण रिजालले बताए । कक्षा १० सम्म पढाई हुने विद्यालयमा ३ सय ४० जना विद्यार्थीहरु अध्ययनरत छन् ।

# बागमतीको बजेटमा अर्थमन्त्रीले एकलौटी गरेको आरोप, सत्तापक्षकै सांसद रुष्ट

साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/ बागमती प्रदेशमा बजेट नल्याउँदै असन्तुष्टि देखिन थालेको छ । बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट निर्माणको तयारी गरिरहेको छ ।

बजेटको तयारीमै रहेको सरकारले आवश्यकताका आधारमा नभई सत्तामा रहेका नेताहरुको इच्छामा बजेट निर्माण भइरहेको भन्दै असन्तुष्टि पोखेका छन् । १४ जेठमा नीति तथा कार्यक्रम ल्याएको प्रदेश सरकारले असार पहिलो सातामा बजेट प्रस्तुत गर्दैछ । बागमतीको बजेट घटेर आउने देखिन्छ । दीर्घकालीन रणनीतिक योजनामा भन्दा मतदाता फकाउने टुक्रे योजनामा केन्द्रित रहेर बजेट आउने बिषयमा सत्तापक्षकै सांसदहरुले चिन्ता ब्यक्त गरिरहेका छन् ।

चालु आवमा ०७९/८० मा ७० अर्ब ९३ करोड ९२ लाख रुपैयाँको बजेट ल्याएको सरकारले आगामी वर्ष ८ अर्ब घटाएर बजेट ल्याउँदैछ । प्रदेशका ११ वटा मन्त्रालयले चालु आर्थिक वर्षभन्दा १० प्रतिशत कम सिलिङ प्राप्त गरेका छन् । चालु वर्षको तुलनामा आगामी वर्ष बजेट करिव १० प्रतिशतसम्मले घट्ने गरी तयारी भइरहेको हो । विश्वब्यापी आर्दिक मन्दीको प्रभाव नेपालमा पनि परेकोले संघीय सरकारले पनि कतिपय योजना कटौती गरेर बजेट सार्वजनिक गरेको छ ।

संघीय सरकारले पनि बजेटको सिलिङ बृद्धि गर्न नसकेर कार्यक्रम नै कटौती गरिरहेको छ ।




त्यसैको असर प्रदेश सरकारको कार्यक्रममा पनि परेको छ । बजेट प्रस्तुतको तयारीमा रहेको बागमती सरकारसँग सत्तापक्षकै सांसदहरु असन्तुष्ट देखिएका हुन् । बजेटमा विपक्षी दलका सांसदहरुको असन्तुष्टि रहनु स्भाविकै हो । तर, सत्तापक्षकै सांसदले असन्तुष्ट राख्नु सामान्य विषय भने होइन । सत्तापक्षकै सांसदहरुले बजेटका लागि योजना माग गर्न जाँदा बजेट नभएको भनेर टार्ने गरेको गुनासो गरेका छन् ।

सत्तापक्षकै सांसद भएपनि अर्थमन्त्री बहादुरसिं लामाले आफ्नो गुट हेरेर मात्रै योजना दिने तयारीमा रहेको कांग्रेसका एक सांसदले आरोप लगाए । 'हाम्रो योजनाहरु नपर्नेजस्तो देखिएको छ । अर्थमन्त्री केन्द्रीय नेताको निर्देशनमा योजना छनोट गर्ने पक्षमा हुनुहुन्छ,' ती सांसदले भने, 'केन्द्रीय भाउजुको निर्देशनमा योजना छनोट भएको छ । तर, प्रदेशका प्रतिनिधिहरुको कुरा सुन्ने गरेको छैन ।', ती सांसदले भने । जनजीविकाको सवालमा भन्दा पनि नेतामुखी बजेट बिनियोजन गर्दा सांसद मात्र नभई सर्वसाधारण मतदाता पनि रुष्ट बन्ने निश्चित छ ।

उनले भौतिक पूर्वाधार मन्त्रालयले १५ अर्ब रुपैयाका योजनाहरु पुरानै रहेको र नयाँ योजना हाल्न बजेट छैन भनेर मन्त्रालय पन्छिएको आरोप लगाए । ती सांसदले प्रदेश सरकार केन्द्रको दबाव र व्यक्तिगत स्वार्थका योजना बनाइरहेको भन्दै त्यसो गरेमा सत्तापक्षकै सांसदहरुको बजेट पास गर्न नदिने चेतावानी दिए । अर्थमन्त्री लामाले आफू संसदीय दलका नेता बन्न निर्वाचनमा उठ्दा आफूलाई मतदान नगरी नेपाली कांग्रेस बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँलाई मतदान गर्ने सांसदहरुलाई बजेटमा बाईपास गरेको असन्तुष्टि पक्षका सांसदहरुको गुनासो छ ।

सत्तापक्ष माओवादी केन्द्रकै सांसदले पनि आफूहरुको योजना नपर्ने आशंका रहेको बताए । प्रत्येक मन्त्रालयमा जनताको योजना बोकेर माग गर्न जाँदा समेत मन्त्रीहरुले बजेट छैन भनेर टार्ने गरेको भन्दै असन्तुष्ट राखे । 'प्रत्येक मन्त्रालयमा आफ्नो क्षेत्रको लागि योजना माग गर्न जाँदा सबै मन्त्रीज्युहरुले बजेट छैन शिलिङ घटेर आएको छ भन्दै टार्ने गरेका छन् ।

हाम्रो योजना परेन भने जनताले बस्न दिने अवस्था छैन', ती सांसदले भने, 'मुख्यमन्त्रीज्युलाई पनि भेटेर योजना समेट्न अनुरोध गरेका छौं तर, बजेट सोचेजस्तो छैन भनेर टार्नु भएको छ ।', १४ जेठमा आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको प्रदेश सरकारको सत्ता पक्षकै सांसदहरुका असन्तुष्टिका बीचमा बहुमतले पारित भएको थियो ।

नीति तथा कार्यक्रममा सत्तापक्षकै सांसदहरुले प्रदेशबारे चुनौती र प्रश्न उठेको भन्दै प्रदेशको औचित्य पुष्टि गर्ने गरी प्रदेश सरकारले कार्यक्रम ल्याउनुपर्ने चर्को आवाज उठेको थियो । बागमती प्रदेश प्रमुख प्रतिपक्षी दल नेकपा एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले सरकारले समान ढंगले आवश्यकताको आधारमा बजेट समेट्न आग्रह गरेका छन् । उनले बजेट बनाउने क्रममा प्रतिपक्षीलाई बाईपास गरेर कडा प्रतिवाद गर्ने टिप्पणी गरेका छन् । थपलियाले एमालेले जनताको योजना एकमुष्ट रुपमा पेश गरेको भन्दै प्रदेश सरकारले पार्टी वा व्यक्तिविशेष खालका योजना छनोट गरे बजेट पास गर्न नदिने बताए ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षमा बजेटको आकार घटाएर ६३ अर्ब हाराहारीको बजेट ल्याउने तयारी गरेको हो । जेठ १५ गते संघीय सरकारले ल्याएको बजेटमा बागमती प्रदेशलाई १५ अर्ब ८१ करोड २३ लाख अनुदान पाउने भएको छ । बागमती प्रदेशमा नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र एकीकृत समाजवादीको गठबन्धनको सरकार छ ।

# दुई सांसदले पेश्की फर्छ्यौट गरेनन, ल्यापटप पनि दिएनन्

साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/ मकवानपुरका दुई जना सांसदले पेश्की फर्छ्यौट नगरेको र सरकार बाट आएको ल्यापटप पनि फिर्ता नगरेको पाइएको छ ।

आर्थिक वर्ष २०६५/०६६ मा संसद सचिवालयबाट पेस्कीबापत लिएको रकम अझैसम्म फर्छ्यौट नगर्ने सांसदहरुको सूचिमा मकवानपुरका गोविन्दराम चेपाङ (प्रजा) को पनि नाम सार्वजनिक भएको छ । उनी संविधानसभा सदस्य थिए । गोविन्दराम लोपोन्मुख चेपाङ समुदायबाट पहिलो सांसद बनेका थिए । उनको नाममा १ हजार ७ सय रुपैयाँ बेरुजु देखिएको छ । संसद सचिवालयले उनलाई पेस्कीबापत लिएको रकम फिर्ता गर्न पत्र पठाए पनि हालसम्म फिर्ता नगरेको सचिवालयले जानकारी दिएको छ ।

यसैगरी, कार्यकाल सकिएको ६ महिना पुग्दा पनि अघिल्लो प्रतिनिधिसभाका संसदीय समिति सभापति र सदस्यहरुले ल्यापटप पनि फिर्ता गरेका छैनन् । संसद् सचिवालय स्रोतका अनुसार गत २०७४ सालमा प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका ८ जना सांसदहरुले १ लाख बढी मूल्य पर्ने ल्यापटप फिर्ता नगरेका हुन् । जसमा मकवानपुरबाट अघिल्लो प्रतिनिधिसभा सदस्यमा निर्वाचित तथा अर्थ विकास समिति सभापतिसमेत रहेका कृष्णप्रसाद दाहालले ल्यापटप फिर्ता नगरेको संसद सचिवालय स्रोतले जानकारी दिएको छ ।

संसद सचिवालयले आर्थिक वर्ष २०६४/०६५ देखि २०७४/०७५ सम्म सांसदहरुलाई उपलब्ध गराएको पेस्कीबापतको १६ लाख ८ हजार ७ सय २१ रुपैयाँ फर्छ्यौट भएको देखिँदैन । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ५२ मा सोही आर्थिक वर्षमा फर्छ्यौट हुन नसकेमा पेस्की रकम अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने उल्लेख छ । तर, सांसदहरुले अर्को आर्थिक वर्षमा सारेको पनि देखिँदैन । संविधानसभा राय सुझाव संकलन गर्न, पारिश्रमिक, दैनिक भ्रमणभत्ता, औषधिउपचार, मर्मतलगायतका शीर्षकमा पेस्की लिएको देखिन्छ ।

यसरी पेस्की लिएर फर्छ्यौट नगर्नेमा संविधानसमा सदस्य गोविन्दविक्रम शाह, दीनबन्धु श्रेष्ठ, राजकुमार नाल्बो, चन्दा देवी, इन्द्रमती यादव, श्यामसुन्दर गुप्ता, अर्जुन राई, विश्वनाथप्रसाद यादव, परि थापा, रामजीप्रसाद शर्मा, गोविन्दराम चेपाङ (प्रजा), सविना बरामु, सञ्जयकुमार साह, तुलसी सुब्बा, बुद्धिराम गुरुङ, खड्कबहादुर विश्वकर्मा, सरोजकुमार यादव, पुरन राना थारु, वीरबहादुर तामाङ, शारदा नेपाली, भैरे कामी र शम्भु हजरा पासवान छन् । संविधान सभाका अधिकांश सदस्यले संविधानको राय सुझाव संकलनका लागि पेस्की लिएका थिए ।

त्यसैगरी, तत्कालीन सांसदहरु रीता रावल, जनकबहादुर बुढा, अम्बिका खवास राजवंशी, सुरेन्द्रप्रसाद चौधरी, पेम्बा गुरुङ, पर्तमान धिमाल, रमणी राम, मानबहादुर चौधरी र जयप्रकाश थारु छन् । संसद सचिवालयका कर्मचारीले संविधानसभा सदस्य र पूर्वसांसदहरुलाई पेस्की फर्छ्यौट गर्न पटकपटक ताकेता गर्दा पनि उल्टै धम्की दिने गरेका छन् । 'फर्छ्यौटका लागि पत्र पठायौं, आउनुभएन । पटकपटक फोन गरेका ताकेता गरि रहेका छौँ । १४ वर्षसम्म पनि आउनुहुन्न । उल्टै धम्क्याउनुहुन्छ । कतिपयले मोबाइल नम्बर चेन्ज गर्नुभएको छ', संसदको लेखा शाखाका एक कर्मचारीले भने, 'कहिलेकाहीँ संसदको वरिपरि आएको देखिन्छ । कुरा गर्छ भनेर परपर भाग्नुहुन्छ', ती कर्मचारीले भने, 'राज्यको एक रुपैयाँ पनि खानु अपराध हो । काम गरेको भए बिल भरपाइ बुझाए हुन्छ नि । किन नुबुझाएको हो ?',

यसरी कानुन निर्माताबाट नै कानुनको उल्लंघन हुनु विडम्बना र पराकाष्ठा भएको बताउँछन् विज्ञहरु । विधायकहरुले सरकार र आममानिसलाई अनुशासनमा राख्नुपर्नेमा कानुन बनाउनेले नै पेस्कीसम्बन्धी नियम पालना नगरेर वित्तीय अनुशासनता कायम नहुनु राम्रो नभएको अर्थविद् रामेश्वर खनाल बताउँछन् । सांसदहरुको बेरुजु रहनुमा संसद सचिवालयको लेखा शाखाको पनि कमजोरी औँल्याउँछन् खनाल । महालेखा परीक्षकको आर्थिक वर्ष २०७८/०७९ को प्रारम्भिक प्रतिवेदनले पनि सांसदहरुले पेस्कीबापत लिएको रकम बेरुजु रहेको औँल्याएको छ । लेखापरीक्षणबाट बेरुजु देखिएमा जायजेथाबाट असुलउपर गर्नुपर्ने कानुनी प्रावधान छ ।

संसदीय समितिको कामलाई प्रभावकारी र प्रविधिमैत्री बनाउन विश्व बैंकको मल्टी डोनर ट्रस्ट फन्ड परियोजनाले सहयोग गरेको ल्यापटप संसद सचिवालयले सांसदहरुलाई दिएको थियो । ल्यापटप फिर्ता नगर्नेमा मकवानपुरका सांसद दाहालसहित तत्कालीन सांसदहरु निरादेवी जैरु, भरतकुमार शाह, मोहनप्रसाद बराल, गंगाबहादुर तामाङ, पार्वती डिसी चौधरी, मीना सुब्बा र चन्दा चौधरी छन् । संसद सचिवालयले बारम्बार ताकेता गर्दा पनि उनीहरुले ल्यापटप फिर्ता नगरेका पाइएको छ । महालेखापरीक्षकको आर्थिक वर्ष २०७८/०७९ को प्रारम्भिक प्रतिवेदनले पनि सांसदहरुले ल्यापटप फिर्ता नगरेको देखाएको छ ।

# आज मेयर कप फुटबलको फाइनल

साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/हेटौंडा उपमहानगरपालिकामा जारी मेयर कप फुटबल प्रतियोगिताको फाइनल खेल आज शनिवार हुँदैछ ।

मेयर कपको उपाधिका लागि ११ र १५ नम्बर वडाबीच प्रतिस्पर्धा हुने भएको छ । बुधवार र बिहीवार भएका दुई वटा सेमिफाइनल खेल जित्दै ११ र १५ नम्बर वडा उपाधि नजिक पुगेका थिए । बुधवार भएको पहिलो सेमिफाइनल खेलमा १५ नम्बर वडाले १४ नम्बर वडालाई सडनडेथमा हराउँदै फाइनल यात्रा तय गरेको थियो । ११ नम्बर वडाले १३ नम्बर वडालाई पेनाल्टी सुटआउटमा पराजित गर्दै उपाधि नजिक पुगेको हो । नगर खेलकुद विकास समितिको आयोजना भइरहेको तेस्रो संस्करणको मेयर कपमा बिहीवार भएको दोस्रो सेमिफाइनल खेलमा ११ नम्बर वडाले पेनाल्टी सुटआउटमा २-० गोलअन्तरले पराजित गरेको थियो ।

हेटौंडा-५, स्थित पिप्लेक्याम्पा रंगशालामा भएको खेलमा निर्धारीत समय गोलरहित बराबरी भएको थियो । पेनाल्टी सुटआउटमा ११ नम्बर वडाका लागि अभिन लामा र सुवास लामाले दुई गोल गरे । ११ नम्बर वडाबाट ललित चौलागाईं र पदम राईको प्रहारबाट गोल हुन सकेन् । १३



नम्बर वडाका लागि सुनिल थिङ, सुशील गोले, सूर्य मोक्तान र सामेल सुनारले गरेको प्रहार गोल नभएपछि हार व्यहारेको छ । ११ नम्बर वडाले १ नम्बर वडालाई र १३ नम्बर वडाले २ नम्बर वडालाई पराजित गर्दै सेमिफाइनल आएका थिए ।

स्थानीय सरकार गठन भएपछि हेटौंडा उपमहानगर पालिकाले आयोजना गरेको मेयर कप प्रतियोगिताको पहिलो र दोस्रो संस्करणको वडा नम्बर १० ले जितेको थियो । जसमा १० नम्बर वडाले पहिलो सिजनमा वडा नम्बर ९ र दोस्रो सिजनमा वडा नम्बर १८ लाई क्रमश: १-० र ५-० ले पराजित गर्दै उपाधि जितेको थियो । यस संस्करणमा मेयर कपले नयाँ विजेता पाउने छ । मेयर कप फुटबल प्रतियोगिताको विजेता टिमले नगद २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले नगद १ लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । सेमिफाइनल प्रवेश गर्ने दुई टिमले ५०-५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै विधागत उत्कृष्ट खेलाडीले ५-५ हजार रुपैयाँ प्राप्त गर्ने आयोजकले जनाएको छ ।

# मकवानपुरगढीका किसानलाई च्यापकटर सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/ मकवानपुरगढी गाउँपालिकाका किसानलाई (घाँस टुक्र्याउने) च्यापकटर मेशिन वितरण गरिएको छ । पचास प्रतिशत अनुदानमा २० वटा च्यापकटर मेसिन किसानलाई वितरण गरिएको हो ।

गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्यता तथा वडा नम्बर ३ मा रहेको श्रमिक साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष निर्मला लम्सालको सभाध्यक्षतामा किसानहरुलाई च्यापकटर मेसिन वितरण गरिएको हो । भेटेरिनरी अस्पताल तथा पशु विज्ञकेन्द्र हेटौंडाबाट प्राप्त २० वटा कृषि औजारयन्त्र च्यापकटर ५० प्रतिशत अनुदानमा किसानलाई वितरण गरिएको संस्थाका अध्यक्ष निर्मला लम्सालले बताइन् ।

वितरण कार्यक्रममा वडा नम्बर ३ का वडाअध्यक्ष भागवत घिमिरे, भेटेरिनरी अस्पताल तथा पशु विज्ञकेन्द्रका डा. विमोचन पौडेल, मनकामना दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष अर्जुनप्रसाद दाहाललगायतको आतिथ्यता रहेको थियो । पशुपालक किसानका लागि च्यापकटर मेसिनको प्रयोगले घाँस फारु गर्ने र समयको बचत गराउँदछ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित


- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेसिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५१०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# गुगलले किन त्याग्यो आफ्नो दोश्रो फोल्डेबल स्मार्टफोन ?



फोल्ड गर्न सकिने स्मार्टफोनको बजारमा गत मे महिनाको सुरुवातमा प्रवेश गरेको गुगलले दुईवटा फरक फरक मोडेलका फोल्डेबल फोन निर्माण गरिरहेको बताएको थियो ।

तर फोनको गुणस्तरमा सन्तुष्ट नभएसँगै गुगलले त्यसपछि एउटा स्मार्टफोनको निर्माण बन्द गरेको छ । गुगलको हार्डवेयर प्रडक्ट डिजाइन विभागका उपाध्यक्ष इभी रोसले हालै एक पडकास्टमा यसको पुष्टि गरेका छन्।

उनले भनेका छन्, ‘म हाम्रो टिमप्रति निकै गौरवान्वित थिए। किनकी हामीले दोश्रो फोल्डेबल फोनको मोडेल पनि सिर्जना गरेका थियौं। तर हामीले यो अझैपनि पर्याप्त मात्रामा उत्कृष्ट भएको छैन भनेर त्यसलाई रोक्यौं । यसका लागि वास्तवमै अनुशासन चाहिन्छ र त्यो हामीसँग छ । हामीले यस्तो सिर्जनाको काम गर्नसक्छौं र कुनै चिज पर्याप्त मात्रामा उत्कृष्ट छैन भनेर पहिचान पनि गर्न सक्दछौं भन्ने कुराको यो प्रमाण हो ।

गुगलले क्यालिफोर्नियामा भएको गुगल डेभलपर्स कन्फ्रेन्सका क्रममा गत मे १० मा पिक्सेल फोल्ड नामको आफ्नो पहिलो फोल्डेबल स्मार्टफोन सार्वजनिक गरेको थियो।

७.६ इन्चको भित्री डिस्प्ले तथा ५.८ इन्चको कभर स्क्रिन रहेको नोटबुक स्टाइलको यो स्मार्टफोनको मूल्य १७ सय ९९ डलर तोकिएको छ।

पिक्सेल फोल्डमा गुगलको आफ्नै Tensor G2 chip छ । यसलाई फोल्ड गरेर हत्केलामै अटाउन सकिन्छ भने प्रोफेसनल प्रयोगका लागि अनफोल्ड गरेर चौडा स्क्रिन बनाउन सकिन्छ ।

गुगलले पिक्सेल फोल्ड स्मार्टफोन सार्वजनिक गरेकोमा त्यो सँगै निर्माण गरेको दोश्रो मोडेलको फोल्डेबल स्मार्टफोन नाम चाहीँ खुलाइएको छैन । तथपि कतिपयले भने त्यसको नाम पिक्सेल फ्लिप रहेको हुनसक्ने अनुमान गरेका छन् ।

विश्व स्मार्टफोन बजारमा फोल्डेबल स्मार्टफोनप्रति प्रयोगकर्ताको आकर्षण सन्तोषजनक नै रहेको छ । यो वर्ष सन् २०२३ मा २ करोड १४ लाख गोटा फोल्डेबल स्मार्टफोन बिक्री हुने प्रक्षेपण गरिएको छ जुन गतवर्ष भन्दा ५० प्रतिशतले बढि हो । त्यस्तै सन् २०२७ सम्ममा वार्षिक ४ करोड ८१ लाख गोटा फोल्डेबल स्मार्टफोन बिक्री हुने अनुमान छ ।

स्मरण रहोस् विश्वको फोल्डबेल स्मार्टफोन मार्केटमा अहिले सामसुंगकै दबदबा छ जसले ६२ प्रतिशत बजार हिस्सा ओगटेको छ । त्यस्तै दोश्रो स्थानमा हुवावे रहेको छ। ओप्पो, साओमी तथा भिभोले समेत फोल्डेबल स्मार्टफोन ल्याएका भएपनि तिनीहरु चिनिया बजारमै सिमित छन् । त्यसैले तत्कालका लागि फोल्डेबल स्मार्टफोन बजारमा सामसुङसँग अन्य कम्पनीको ठूलो प्रतिस्पर्धा हुने देखिँदैन । उसैपनि गुगलको पिक्सेल फोल्डको उपलब्धता सिमित हुने देखिएको छ ।

फोल्डेबल स्मार्टफोन सार्वजनिक गर्ने क्रममा गुगलले पिक्सेल फोल्ड सुरुवातमा जर्मनी, जापान, बेलायत तथा अमेरिका लगायतका देशमा उपलब्ध हुने र त्यसपछि क्रमश: विश्वका अन्य बजारमा उपलब्ध गराइने बताएको थियो । यद्यपि यसका लागि एकिन समयतालिका भने दिइएको छैन ।

**यौन/जीवनशैली**

# हरेक दम्पतीले यौन सम्पर्कका बारे जान्नैपर्ने कुरा



चरमानन्दको अनुभूत गर्ने माध्याम हो, यौन । अर्थात आनन्दको पनि उत्कर्षमा पुग्ने बाटो हो, यौन । यो आफैमा सुखद अनुभव हो ।

यौनको प्रसंगमा हामी लजाउने गर्छौं । यौनलाई छाडा भन्छौं । जबकी यो प्राकृतिक कुरा हो । र, सृष्टिलाई चलायमान राख्नका लागि यौनको भूमिका अपरिहार्य छ ।

यौनमा चरम सन्तुष्ट छ । यो दाम्पत्य सुखको एक तत्व हो । दम्पतीबीचको सम्बन्ध सुमधुर राख्नका लागि यौनले भूमिका खेल्छ । के पनि भनिन्छ भने, सक्रिय यौन जीवनले दम्पतीको सम्बन्धमा मात्र निकटता ल्याउने होइन, स्वास्थ्य लाभ पनि मिल्छ ।

तर, यौनको पनि आफ्नै मान्यता छ । परिधि छ । नियम छ । यौन सम्पर्क कहिले गर्ने, कुन समयमा गर्ने, कहाँ गर्ने, कुन स्थितीमा गर्ने भन्ने कुरा तय गरिएको छ । यस्ता कुरालाई ध्यानमा राखेर यौन क्रिया गर्दा चरम आनन्द प्राप्त हुन्छ भनिन्छ । साथै स्वास्थ्यलाई पनि लाभ मिल्छ ।

यौन हरेक व्यक्तिको आवश्यक्ता हो र सुखद अनुभूति पनि । त्यसैले यौन सम्पर्क राम्रो भावनाले गर्नु जरुरी छ । आनन्ददायक यौन सम्पर्कका लागि पार्टनरसँग समर्पणका साथसाथै सहयोग र सहमति पनि जरुरी छ । यदि पार्टनरलाई यौनमा रुची छैन भने जबर जस्ती गर्नु गलत हो ।

अत: यहाँ यौन सम्पर्कलाई लिएर दम्पतीबीच उठ्ने प्रश्नको उत्तर खोजिएको छ ।

**कुन परिस्थितीमा यौन सम्पर्क गर्नबाट बच्नुपर्छ, किन ?**

धेरैजसो दम्पती यस सम्बन्धमा त्यती जानकार हुँदैनन् । कहिले यौन सम्पर्क राख्ने र कहिले नराख्ने ? यस्ता कुरामा बेखबर रहेर यौन सम्पर्क गर्दा त्यसबाट जुन आनन्द पाउनुपर्ने हो, त्यो पाइदैन । साथै त्यसको असर स्वास्थ्यमा पनि पर्छ । त्यसैले संभव भएसम्म शारीरिक वा मानसिक अस्वस्थ्य भएको बेला यौन सम्पर्क राख्नु उचित मानिदैन ।

**शारीरिक समस्या, खासगरी मुटुको समस्यामा यौन सम्पर्क गर्नु हुँदैन ?**

शारीरिक तथा मानसिक अवस्था राम्रो नभएको बेला यौन सम्पर्क गर्नु बेकार हुन्छ । मुटुको समस्या झेलिरहेको अवस्थामा आरमको जरुरी हुन्छ । यस्तो अवस्थामा यौन क्रियाले मुटुमा समस्या ल्याउन सक्छ ।

**मानसिक अस्वस्थ्यताको बेला किन यौन सम्पर्क गर्नु हुँदैन ?**

यौन सम्पर्क शारीरिक क्रिया हो । तर, यसमा मानसिक उपस्थिती पनि उत्तिकै जरुरी हुन्छ । मानसिक तनावको अवस्थामा वा कुनै मानसिक समस्या छ भने त्यस्तो बेला यौन सम्पर्कबाट आनन्द लिन सकिदैन । डिप्रेसन, तनाव जस्ता कुनैपनि समस्यामा यौनको रुची नै जाग्दैन । जब यौनमा रुची छैन भने जबरजस्ती यौन क्रिया गर्नुको अर्थ हुँदैन ।

**शल्यक्रियाको कति दिनपछि यौन सम्पर्क गर्नु हुन्छ ?**

कुनैपनि शल्यक्रियापछि निश्चित अवधीसम्म यौन सम्पर्क नगर्नु नै उत्तम हुन्छ । शल्यक्रिया गर्नसाथ यौन क्रिया गर्दा घाउ भएको ठाउँमा बल पर्छ । त्यसले टाँका लगाएको धागो छिनाल्न सक्छ । साथै रगत बग्न सक्छ । त्यसैले चिकित्सकको परामर्श लिएर मात्र यौन सम्पर्क गर्नुपर्छ ।

**कहिले काहि इन्टरकोर्सको समयमा पार्टनरलाई दुख अनुभव भएमा सेक्स गर्नुहुन्छ ?**

जब इन्टरकोर्सको समय पार्टनरलाई दुखाई अनुभव हुन्छ भने, सम्झनुहोस् त्यो खतराको घण्टी हो । यस्तोमा यौन सम्पर्क गर्नु खतरालाई निम्त्याउनु हो । त्यसैले इन्टरकोर्सको समयमा पार्टनरलाई खासगरी पत्नीलाई कुनै दुख, पीडा भयो भने त्यस्तो अवस्थामा चिकित्सककहाँ जानुपर्छ ।

**गर्भावस्थामा यौन सम्पर्क गर्नु हुन्छ ?**

गर्भावस्थामा यौन सम्पर्क राख्नु हुन्छ कि हुँदैन भनेर धेरैजसो दम्पती अलमलमा हुन्छन् । विशेषज्ञका अनुसार गर्भावस्थाको छैठौं हप्तादेखि १२ औं हप्तासम्म यौन सम्पर्क गर्न हुँदैन । किनभने यस क्रममा गर्भपातको समस्या हुन्छ । साथै गर्भधारणको अन्तिम दुई महिनामा पनि यौन सम्पर्क गर्नु खतरनाक हुन्छ । गर्भधारणको चौथो र सातौ महिनामा यौन सम्पर्क गर्न सकिन्छ ।

**साहित्य**

# ल्याङ फ्याङ

व्यंग्य



शेखर वास्कोटा

वास्तवमा यस्तो ल्याङ फ्याग अवस्था हामीले जीवनमा कहिल्यै भोग्नु परेन । हुनत यो भन्दा पनि जटिल परिस्थिति भोग्न बाँकी नै छ की ? त्यता तिर पनि सोच्ने हो की ? अझ यो भन्दा भयावह परिस्थिति नआउँला भन्न सकिने अबस्था बाँकी छ र ? पूर्ण रुपमा परिजिवी भै सकेका हामीलाई कस्ता कस्ता परिस्थितिको सामना गर्ने शक्ति छ त्यो हेर्न बाँकी नै छ । यावत परिस्थितिका बावजुद पनि नपर्नु । उखरमउलो गर्मी हुनु प्रकृतिले पनि पेलेकै हो भन्दा अतियोक्ती नहोला ।

प्रकृति माथीको अत्यचार र अन्यायको परिणाम हामीले स्पष्ट रुपमा भोग्न बाध्य छौ । हामी कुलर एयरकन्डिसनमा सयौ लिटर पानी हाल्छौ । तर एउटा बिरुवामा एक अम्खोरा पानी हाल्दैनौ । हामीलाई अर्कौको कुरा गर्नु र अर्कालाई उपदेश दिन संसारका कुनै प्राणीले सक्दैनन् । तर हामी आफै केही गर्दनौ । गर्छौ के त भन्दा सबैलाई थाहा भएकै कुरा हो त्यता नजाउ । पल्सर बाइक माथी सरर हिड्छौ । सय तिरेर दारी काट्छौं उतैको दाल चामल खान्छौ । अनि उसैलाई (इन्डीयन) गाली गर्छौ। हामी केही गर्दैनौं । चोक चोकमा चिया चाख्यो नेतालाई गाली गर्छौं । हामी केही गर्दैनौ । चोकमा चिया चाट्यो अर्कालाई होच्यायो दारु खायो सुत्यो मुत्यो । हाम्रो जिन्दगी यति नै हो । जंगल सखाप । पुरै मरुभूमि बारी खेत बाँझो ।

दक्षिणका विदेशी आएर विभिन्न बहानामा पैसा बोरामा लगि राखेको छ । हामी अष्ट्रेलिया र क्यानडाको गफ चुट्छौ । फलाम प्लाष्टिक, कचरा बाल कटाई दारी खौरी सबै विदेशीले गरेर अपाङ्ग बनाई सक्छ । पानी ध्वास छोड्न नछोड्नेले हामी आँप, लिची, कटहर, तिहुन, तरकारी, लत्ता कपडा, माछा बाखाका सबै उतैका । हामीसंग छ नै के ? सेता हिमाल ती पनि अइलिएर कालै भैसकेका चार कोसे झाडी ती पनि नांगिएका मरुभूमि भए ।

हाम्रो अस्तित्व खोज्न अब काशी बनारश जानु पर्ने दिन नजिकै छ भन्दा फरक नपर्ला। एउटा महेन्द्र चौधरीले फिजी माथी शाषन गरेको छ । त्यसै प्रकारले थाहाका उदण्ड नेताको मानसिकता पनि को छिटो महेन्द्र चौधरी बन्ने मेन्टालिटी तयार भैसकेको छ । हामी हाम्रै अस्तित्वका लागी लड्नु पर्ने दिन आइसक्यो । अझैपनि हामीमा घमण्ड छ । जय कुलगांर ।

कविता

# मेरी प्यारी आमा



ईलिना सापकोटा

*कक्षा-४, बालजागृति सेकेण्डरी ईङ्गलिस बोर्डिङ स्कूल, हेटौंडा-२*

मेरी प्यारी आमा हौ तिमि हौ मेरी भगवान
तिमि जस्तो आमा पाउनु मेरो वरदान ।

तिमिले मलाई यो संसार देखायौ
तिमिले नै मलाई दु:ख गरि हुर्कायौ ।

खान्न खान्न भन्दापनि खुवायौ खाना पनि
तिमिले नै गर्दा भए म ठूलो भाग्यमानी

तिमिसंग बस्न पाउंदा यो संसार पाए
जस्तो लाग्छ
तिमिसंग टाढा हुंदा मेरो मन रुन्छ ।

तिमि बिना मेरो जिन्दगी सोच्न पनि सक्दिन
तिम्रो चित्त दुखाउने काम म कहिल्यै गदिर्न ।

**आधुनिक कथा**

# गौँथलीको गुँड

बी एस नीरव

विश्व मानव जगत् कोरोनाको आगोमा पिल्सिइरहेको थियो । बुद्धको देशमा पनि युद्धको ऐलान दिँदै कोरोना भाइरस कोभीड १९ ले उग्र रूप लिँदै थियो । सारा प्रकृति उही र उस्तै गतिमा चलिरहेको थियो । मात्र मान्छे घररूपी सुन्दर जेलमा बन्द थियो । सडकमा चहलपहल मन्द थियो । लकडाउनको शून्यता चारैतिर नाचिरहेकै थियो । ठिक त्यही समयमा कुसुमपुरीको भीमसेन टोलमा एउटा घरको अर्ध खुला सटरभित्र एक जोडी गौँथली भित्रिन्छ । चियाको चुस्की घुटुक्क निलेर म एक तमासले हेरिरहन्छु । कोठाभरि एकछिन आफ्ना पखेटा फटफटाएपछि कुनै वास्तुविद्ले छनोट गरे झैं ईशान्य कोणमा पुगेर उनीहरू चिरबिराउँछन् र एकैछिनमा ओझेल पर्छन् ।

चिया पिईवरी म पत्रिकामा आँखा पुर्याउन मात्र के भ्याएको थिएँ । यस्तैमा ती दुई आत्मा अघिकै बाटो चुच्चोमा अलिकति लेसिलो हिलो माटो लिएर आउँछन् । सानो चुच्चो, बाटुला आँखा, खैरो कालो सुलुत्त परेको जिउ, कालो चिल्लो भुवाभित्र सेतो कमेरे पेट, गुलेली आकारको पुच्छर । आहा ! हेर्दै लोभलाग्दो चरा । लच्छिनको बत्ती । झट्ट हेर्दा भँगेरो जत्रै देखिने गौँथली आकाशमा धेरै बेरसम्म उडिरहन सक्छ । गौँथली मलाई अति मन पर्छ । यति मन पर्छ कि सायद त्यति अरू कुनै चरा पनि मन पर्दैन । पालैपालो उनीहरूको आउने जाने क्रम अविराम चलिरहन्छ । मानौं यो अवधिमा पनि निर्माणको काममाथि सरकारले कुनै अवरोध नगरी निर्बाध गर्न दिइरहेको छ । माथिबाट आकाशवाणी आउँछ - बाबु ! एकछिन यता आऊ त । झटिति माथि हेरें - आमा ।

निरभ्र आकाश उत्तरतिर एकदुई डफ्फा बिरालुबुट्टे बादलका केही दलहरू भर्खरै विद्यालयबाट छुटेका विद्यार्थी झैं दौडिरहेका थिए । हरिया मकहिले धानचामल मुखमा लिएर बसेका । बिहानी पखको शीतल हावा बिस्तारै चलिरहेको थियो । सूर्यले दुर्लुङको डाँडामाथिबाट धर्तीको सुन्दरता पान गरिरहेको थियो । रेडियोमा सुमधुर गीत गुञ्जिरहेको थियो । गौँथलीको जोडी मनमा दृढ संकल्प लिएर नव गृह निर्माणमा तल्लीन देखिन्थ्यो । तन, मन र वचन लगाएका उनीहरूले आधाआधी जति गुँड सक्न बाकीं थियो । कहिले चारा खोज्थे त कहिले माटो बोक्थे । थकान भन्ने शब्द मान्छेको शब्दकोशमा मात्र थियो जस्तो । उनीहरू कहिले कहिले चिबे, भँगेरा जस्ता वर्ग शत्रुको घेरामा पनि पर्थे । तर, कसो कसो उम्कन्थे पनि ।

घर बनाउने काममा पोथी गौँथली बढी सक्रिय देखिएकी थिई । सायद घरको जिम्मेवारी पुरुषभन्दा पनि महिलामा हुने मानवीय चरित्र जस्तै । पुरुषवाद प्रकृतिको प्राणी जगत्मा मात्र नभई कणकणमा व्याप्त छ जस्तो । करिब एक सप्ताहसम्म दुवै मिलेर यही प्रकृया निरन्तर देहोर्याइरहे । कुमालेको चक्र जस्तै ।

मिहिन माटाले निकै कलात्मक रूपमा सिप्रिङ आकृतिको सुन्दर घर बनाएपछि उनीहरू निकै खुसी देखिएका थिए । घर पुरा भएपछि उनीहरूको रहर पुग्दै थियो । अब उनीहरूले कहिले पहरा कहिले अर्केको छत त कहिले भत्केका घरको पानी चुहिने दलिन कुर्नु नपर्ने भयो । एक दिन घनघोर झरी पर्दा दुवै निथ्रुक्क भिजेको उनीहरूका मानसपटलमा अँझ ताजै थियो । जिन्दगीको सपना एउटा राम्रो घर । सानो संसार । त्यही संसारमा एक दुई खुसी भए अरू के चाहियो र ! घर सम्पन्न भएको उपलक्ष्यमा होला सायद भाले भुर्र उड्यो र हेर्दाहेर्दै चुच्चोमा एउटा फुल च्यापेर आयो । आफ्नी राधालाई प्रेमको सौगात थमायो । उसले पनि आफ्ना प्राणवल्लभलाइ तातो मुटु सुम्पी । फुलभन्दा ठुलो हार र मुटुभन्दा सुन्दर उपहार केही हुँदैन जस्तो लाग्यो । मान्छेमा हराउँदै गएको संवेदना चरामा देखेपछि अनायासै आँखाबाट दुई थोपा संवेग खस्न पुगेछ । उनीहरूको पनि दु:खमा रुने र सुखमा रम्ने मन हुँदो रहेछ । धन नभएर होइन । धन नभए पनि ठुलो मन नभएको प्राणी निर्धन हुँदो रहेछ । अनन्त खुसीको समर्पण गर्दै एकैछिन उनीहरू जिन्दगीको चरम खुसीमा निर्लिप्त भए । दुई छाया बिस्तारै एउटै छायामा एकाकार हुँदै गए ।

उत्तरतिर एकाएक कालो बादल उठ्छ अनि मडारिन थाल्दछ । निलो आकाशको सुन्दरता पिएर पनि कालो आकाश औँशी जस्तै कालै थियो । पानी नै नपर्दै एक्कासि सबैका आँखा बन्द गराउँदै बिजुली चम्कन्छ । कानै फुट्ने गरी टचङ्ङ गर्छ । धर्ती आकाश थर्कमान् हुन्छन् । मेरो आङ जिरिङ्ङ हुन्छ । यस्तैमा एक जोडी भँगेराको भिलेन शैलीमा इन्ट्री हुन्छ । आखिर शत्रु कसको हुँदैन र ? उनीहरूलाई पनि शत्रुको कुदृष्टि राहु बनेर आइलाग्यो । कामुक चरा भँगेराले गौँथलीलाई युद्धको हबाला दिँदै लखेट्छन् । गौप्राणी उनीहरू कुनै प्रतिवाद गर्दैनन् । दुवै जोडी तितरवितर भएर बाहिरिन्छन् । म भने आफैँभित्र गहिरिन्छु ।

सानै हुँदादेखि प्राय: गौँथलीको गुँड घरमा भइरहने हुँदा म गौँथलीसँग चिरपरिचित थिएँ । त्यतिबेला आमा भन्नुहुन्थ्यो - “बाबु, गौँथली त लच्छिनको चरा । यसलाई सधैँ माया गर्नू । गौँथली हुने घरमा सधैँ लक्ष्मीको बास हुन्छ ।” यही महान् गीता वचन मेरा अन्तर्हृदयमा यसरी गढेको थियो कि जुन निकाल्नु असम्भव प्राय: थियो । गौँथली खै के चिर्बिराउँदै थिए । घरिघरि अज्ञात शङ्काको नजर यताउति डुलाउँथे । फाट्टफुट्ट उड्दै उनीहरू कनिका टिपिरहेका थिए । म उनीहरूको प्राणीसुलभ क्रियाकलाप हेरेर अपूर्व आनन्द लिइरहेको थिएँ । हेर्दाहेर्दै केही भँगेराहरू आतङ्कारीको उन्माद बोकेर आए । कठोर चुच्चाले गौँथलीका टाउकामा ठुङ्दै अवतरण गरे अनि उनीहरूले चरिरहेको चारोमा साम्राज्य जमाए ।

उनीहरूलाई के थाहा, चरामा पनि डार्विनको सर्भाइभल अफ फिटेस्ट लागु हुन्छ भनेर । यो संसार टठ्याइँ, बठ्याइँ र फट्याइँको हो भन्ने उनीहरूले बुझ्न सकेनन् । ती भँगेर।को अत्याचार त्यत्तिमा मात्र रोकिएन । फेरि आज अर्को एक जोडी साथी बोकेर समूह भिडन्तका लागि आए । उनीहरू निर्णायक युद्धका लागि आएका थिए । भँगेरको विस्तार वाद र साम्राज्यवादी नीति खेप्ने उनीहरू मात्रै थिएनन् । युद्धको जोशमा होस गुमाएका भँगेरा सिधै गौँथलीको गुँडमा पुगे अनि सुरु गरे आफ्नो निर्दयी हर्कत । उनीहरूको क्रुर आक्रमणमा गौँथलीले भाग नै लिएनन् । यति हुँदाहुँदै पनि गौँथलीका एकदुई भुल्ला उनीहरूले लुछ्न भ्याइसकेछन् ।

धर्तीले हिटलरमात्र कहाँ जन्माउँछ र ? अहिंसाको मार्गमा चल्ने महामनव बुद्ध पनि त बनाउँछ । हिंसामा भाग नलिएर उनीहरूले देखाएको बुद्ध दर्शन भँगेराले बुझ्न सक्ने सामर्थ्य राखेन । यसो बाहिरतिर हेरेको पल्लो घरको घरपट्टिले पेटीमा बसेको विचरा माग्नेलाई हकार्दै थियो । लछार्दै थियो । पछार्दै थियो । “जा, गइहाल, फोहोरी थाङ्ने ।” मान्छेको यही अधिनायकवादी चरित्र भँगेरमा सरेको हुन सक्छ ।

त्यसपछि मेरा आर्दश पात्र दुईचार दिनका पाहुना गौँथली कहाँ गए होलान् ? के गर्दै होलान् ? उनीहरूको न्याय कसले गरिदिन सक्छ ? उनीहरूका कलिला रहरहरू कर्कलाको पानी बने । अज्ञात गन्तव्यको यात्रा कहाँ टुङ्गियो होला ? म हेर्छु, आज पनि गुँड उस्तै छ । त्यसको चहक र महक उस्तै छ । कतैबाट फेरि आउँछन् कि भनेर म बेलाबेलामा हेरिरहन्छु । एउटै उत्तर निराशा मात्र हात लाग्छ ।

त्यस गुँडमा गौँथलीको जीवन अँझै बाँचेको छ । उनीहरूको तातो याद बोकेर गुँड अँझै बाँचिरहेको छ । तर, त्यसको माली भने तिनै युद्धपिपासु शोषक भँगेरा छन् । गौँथलीको गुँडमा भँगेराको राज चलेको छ । उनीहरूले गौँथलीलाई लखेटे तैपनि आजसम्म म त्यो गुँडलाई भँगेरको नभनेर गौँथलीकै गुँड भनिरहेको छु । त्यो कहिल्यै भँगेराको गुँड हुन सकेन । आखिर गौँथलीकै गुँड रह्यो । किनकि, व्यक्ति समाप्त भए पनि उसको सिर्जनामा व्यक्तित्व रहिरहन्छ । कहिल्यै समाप्त हुँदैन ।

अस्तु !!!

गजल

# थाहा छ ढुङ्गालाई

दिवाकर भट्टराई

थाहा छ ढुङ्गालाई, ढुङ्गाले पनि फुटाउन सक्छ।
सम्बन्ध घन जस्तै होस्, कस्ले टुटाउन सक्छ।


आँखाभरिको आँसु, मलाई उपहारमा पठाऊनु
मुहारमा खुशी देख्नेले इज्यत, लुटाउन सक्छ।

जसले जीवनमा सम्बन्धको पाठ, धेरै सिकाए !
उसैले फक्रेको प्रेमजोडीलाई, छुट्याउन सक्छ।

जीवनको सबैभन्दा ठुलो उपहार, साथी सम्झे !
शत्रुले विश्वास गर्दैन, साथीलाई कुटाउन सक्छ।

कठघरामा प्रेम सदैव रहस्यमय बनिरह्यो र बन्नेछ
फैसला त्यही भो, जसले बहुमत जुटाउन सक्छ।

# बजेटअघि भित्रिएका बिजुली गाडीमा अवैध रूपमा मूल्य बढाइँदै, सरकार मौन



काठमाडौं / विद्युतीय सवारी आयातकर्ता कम्पनीहरुले सूचना चुहाएर बजेटअघि नै भित्र्याएका विद्युतीय गाडीको मूल्य बढाउने तयारी गरेका छन् । बजेटअघि नै भित्रिएका कर बढेका सेगमेन्टभित्रका सयौं विद्युतीय सवारी पुरानै मूल्यमा बिक्री गर्नुपर्नेमा कम्पनीहरुले नयाँ मूल्य तय नभइन्जेलसम्म भन्दै बुकिङ र नयाँ बिक्री नै बन्द गरेर बसेका छन् । कम्पनीहरू कालोबजारी हुने गरी अवैध रूपमा मूल्य बढाएर उपभोक्ता ठग्न थाल्दा समेत सरकार मौन र मुकदर्शक भएर बसेको छ ।

बजेटअघि धेरै विद्युतीय गाडी भित्र्याएका एमजी मोटर्स र बीवाईडी आयातकर्ता साइमेक्स नेपालले बुकिङ बन्द गरेका हुन् । विद्युतीय सवारी बुकिङका लागि सो रुम पुग्ने र फोन सम्पर्क गर्नेहरुलाई कम्पनीले बुकिङ लिन नसकिने जवाफ दिइरहेको छ । कर बढेको सेगमेन्टमा बढी गाडी भित्र्याउने अन्य कम्पनीहरुले पनि बुकिङ बन्द गरेका छन् ।कम्पनीहरुले सूचना वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा पनि पुगेको छ । उपभोक्ताले विद्युतीय गाडी बुक गर्न नपाएको विषय आफूहरुको जानकारीमा रहेपनि उपभोक्ता हित संरक्षण सम्बद्ध कानुनमा यस्तो कार्यविरुद्ध 'एक्सन' लिन नमिलेको महानिर्देशक गजेन्द्रकुमार ठाकुरले बताए । 'सरकारले बजेटमार्फत भन्सार र अन्तशुल्क बढाउनुअघि नै भित्रिएका सवारीका मूल्य बढाउन पाइँदैन,' उनले भने । बढेको कर नयाँ आयात हुने सवारीको हकमा मात्रै लागू हुने उनले स्पष्ट गरे ।

तर, बजारमा विभिन्न बाहनाबाजी गरेर पहिल्यै आयात भएका गाडीको मूल्य बढाउन कम्पनीहरू गृहकार्यमा छन् । कतिपय कम्पनीहरूले मूल्य बढाइसकेका छन् ।चौधरी ग्रुपले आयात गर्ने नेटा-भीको मूल्य यसअघिको भन्दा एक लाख रुपैयाँले बढिसकेको छ । बजेटअघि नेटा भीको मूल्य ३८ लाख रहेकोमा बढेर ३९ लाख पुर्याइएको छ । बजेटअघि आयात भएका गाडीको बुकिङ भइसकेकाले नयाँ आयात हुने गाडीको लागि यस्तो मूल्य तय गरि एको कम्पनीका एक अधिकारीले दाबी गरे ।

सरकारले विद्युतीय गाडीमा कर बढाउन लागेको अति संवेदनशील सूचना बजेटअघि नै चुहाएको थियो । सूचना चुहिएका कारण बजेट भाषणको मुखमा ११०० भन्दा बढी चारपाङ्ग्रे विद्युतीय गाडी अस्वाभाविक रुपमा नेपाल भित्रिएका छन् ।

वैशाखमा आएको असौतभन्दा बढीको बिजुली गाडीसमेत जोड्ने हो भने यो संख्या १३०० भन्दा बढी पुग्छ । राजस्व वृद्धिको सूचना चुहिंदा सरकारले करिब सोझै ९० करोड राजस्व गुमाएको देखिएको छ ।सरकारी तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०७९/८० को १० महिना (साउन-वैशाख)सम्म जम्मा २ हजार ९५५ वटा विद्युतीय गाडी सवारी आयात भएको थियो । बजेट आउनु अघिको १५ दिनमा वीरगञ्ज, रसुवागढी, तातोपानी र भैरहवा नाकाबाट मात्र ११२१ विद्युतीय सवारी भन्सार जाँचपास भएर भित्रिएको थियो ।

१० महिनामा जति विद्युतीय गाडी आयात भएको छ, त्यसको एक एक तिहाईभन्दा बढी (३८ प्रतिशत) बिजुली गाडी बजेट अधिको दुई सातामा भन्सार जाँचपास भएका थिए ।भन्सार विभागको तथ्यांकअनुसार वैशाख महिनामै पनि विद्युतीय गाडीको आयात स्वभाविक दरमा भएको थिएन । सरकारले विद्युतीय गाडीमा थप कर बढाउने गृहकार्य गरिरहेको सूचना बाहिरिएपछि भन्सारहरुमा बिजुली गाडीको जाँचपास वैशाखदेखि नै बाक्लिएको थियो ।

अहिले रातारात भित्रिएका गाडीको मूल्य बढाउनका लागि कम्पनीहरुले बुकिङ रोकेर राखेका छन् । वाणिज्य विभागका महानिर्देशक ठाकुर बजेटअघि भित्रिएका सवारीको मूल्य बढाए कारवाही गर्ने बताउँछन् । उपभोक्ताबाट उजुरी परेमा विभागले कम्पनीहरुको गाडी आयात र बिक्री प्रतिवेदन मागेर अनुसन्धान गरिने उनको भनाइ छ ।

विभागका निर्देशक आनन्दराज पोखरेल पनि तिर्दै नतिरेको करलाई देखाएर मूल्य बढाउन नपाइने बताउँछन् । 'कर नबढ्दै आयात भएका सवारीको मूल्य बढाउन मिल्दैन, उजुरी परेमा अनुसन्धान गर्छौं,' उनले भने,'प्रत्येक ३-३ महिनामा हामीले आयात भएका सवारीको संख्या र मूल्यको प्रतिवेदन माग्ने गरेका छौं, अनधिकृत तवरले मूल्य बढाएको पाए विभागले कार वाही गर्छ ।' हुँदै नभएको खर्च देखाएर मूल्य बढाउन नमिल्ने उनले बताए ।

बजेटले ५० देखि १०० किलोवाटसम्मका विद्युतीय सवारीमा भन्सार महसुललाई १० प्रतिशतबाट बढाएर १५ प्रतिशत पुर्याएको छ भने १० प्रतिशत अन्त:शुल्क पनि लाग्ने व्यवस्था गरेको छ ।

बजेटअघि एमजी मोटर्सले मात्रै १५ दिनमै ५२४ वटा 'जेडएस-ईभी' भित्र्याएको थियो । एमजीले यो अवधिमा रसुवागढीबाट भित्र्याएको सबै गाडी कर बढेकै सेगमेन्टका हुन् ।यही १४ दिनमा साइमेक्स नेपालले बीवाईडी ब्रान्डका १६१ गाडी भित्र्याको थियो । त्यसमध्ये १६० वटा गाडी ५० देखि एकसय किलोवाट क्षमताका थिए । रसुवागाढी भन्सार नाकाबाट १ जेठ यता बीवाईको 'ई ६' ४० वटा, एटो-थ्री १२० वटा र डल्फिन १ वटा आयात भएको कार्यालयको तथ्यांकमा उल्लेख छ । सो नाकाबाट जेठ लागेगता 'नेटा भी' १२० वटा आयात भएको थियो । यो पनि कर बढेकै रेन्जको हो ।

वीरगञ्ज भन्सार कार्यालयबाट पनि जेठ लागेयता १०५ वटा विद्युतीय गाडी भित्रिएका थिए । जसमा ९१ वटा गाडी अहिले भन्सार र अन्त:शुल्क बढेकै ५० देखि १०० किलोवाट रेन्जका हुन् ।

अरु १४ वटा गाडीमात्रै १०० देखि २०० किलोवाट रेन्जका थिए । भैरहवा भन्सारबाट १४ दिनमा २ सय ११ वटा विद्युतीय गाडी भित्रिएका थिए । तीमध्ये पनि अधिकांश गाडी बजेटले कर वृद्धि गरेकै समूहका थिए ।

वैशाखसम्म आयात भएका साढे २९ सय बिजुली गाडीमध्ये २ हजार ८८२ वटा गाडी १०० किलोवाटसम्मका थिए । वैशाखसम्म ८ अर्ब ४१ करोड मूल्यका बिजुली गाडी आयात हुँदा २ अर्ब ८ करोड बराबरको भन्सार राजस्व असुल भएको थियो ।

# सनी देओलको फिल्म मुस्ताङमा खिचिने, 'लोकेसन' हेरेर फर्कियो बलिउड टोली



काठमाडौं / बलिउड अभिनेता सनी देओलको आगामी फिल्मको छायांकन नेपालको मुस्ताङमा हुने भएको छ । मुस्ताङको जोमसोम, कागबेनी, मुक्तिनाथ क्षेत्रमा लोकेसन खोजी गरेर उक्त फिल्मको टोली शुक्रबार भारत फर्किएको छ ।

बलिउडको नाम चलेको ब्यानरबाट निर्माण गर्ने बताइएको यो फिल्मको बजेट सय करोड भारु बताइएको छ । फिल्मको ६० प्रतिशत छायांकन मुस्ताङमै हुने र नोभेम्बरदेखि छायांकन गर्ने तयारी छ । फिल्मको नेपाल व्यवस्थापनमा सक्रिय थ्री ह्विलर्स कम्पनीका अनुसार अन्तिम चरणको 'लोकेसन रेकी'को लागि २० जनाको टोली पुन: जुलाई पहिलो साता नेपाल आउँदैछ ।'उहाँहरु मुस्ताङमा सुटिङ गर्न ९० प्रतिशत निश्चित हुनुहुन्छ । जुलाई पहिलो साता पुन: रेकीको तयारी छ । सय करोड बजेट भनिए पनि नेपालमा कति खर्च गर्नुहुन्छ, उहाँहरुको कुरा हो,' कम्पनीका प्रमुख सुरज आचार्यले भने । उनका अनुसार उक्त फिल्मको करिब २० दिन नेपालमा छायांकन हुनेछ । उनले कम्पनी र निर्देशकको नाम खुलाएनन् । 'बलिउडका चर्चित फिल्महरु निर्माण गरेको कम्पनी हो,' उनले भने, 'विस्तृत चाँडै पत्रकार सम्मेलनमार्फत जानकारी गराइनेछ ।' थ्री ह्विलर्स कम्पनीकै व्यवस्थापनमा यसअघि बलिउडकै 'उचाइ' फिल्मको छायांकन पनि नेपालमा भएको थियो ।

सरकारले आर्थिक वर्ष २०८०-८१ को बजेट वक्तव्यमार्फत नेपाललाई अन्तर्राष्ट्रिय फिल्म छायांकनको गन्तव्य स्थल बनाउने उल्लेख गरेको छ ।

# 'ए' डिभिजन लिग: फ्रेन्ड्स क्लब रेलिगेसनबाट बच्यो

काठमाडौं/फ्रेन्ड्स क्लब रेलिगेसनबाट जोगिएको छ । सहिद स्मारक 'ए' डिभिजन लिग २०७९-८० अन्तर्गत अन्तिम चरणको खेलमा नेपाल एपीएफ फुटबल क्लबमाथि सहज जित निकाल्दै फ्रेन्ड्स रेलिगेसनबाट जोगिएको हो ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको खेलमा फ्रेन्ड्सले एपीएफलाई ४-० ले पराजित गरेको हो । फ्रेन्ड्सका लागि टोरिक जेब्रिन, विकास थापा, रफिक अमिनु र अखरोरबेक उत्तामोभले एक-एक गोल गरेका थिए ।

खेलको १५ औं मिनेटमा जेब्रिनले फ्रि-किक मार्फत फ्रेन्ड्सलाई अग्रता दिलाएका थिए । ३१ औं मिनेटमा विकासले टिमका लागि दोस्रो गोल गरे । ७१ औं मिनेटमा रफिकले तेस्रो गोल गरेका थिए । ८२ औं मिनेटमा उत्तामोभले गोल गर्दै फ्रेन्ड्सलाई सहज जित दिलाए ।

जितसँगै फ्रेन्ड्सले २६ खेलबाट ३० अंकसहित ११ औं स्थानमा उक्लिएको छ । हारसँगै एपिएफ रेलिगेसनमा पर्ने सम्भावना बढेको छ । एपीएफको पनि २६ खेलमा ३० अंक रहेपनि हेड-टू-हेडमा फ्रेन्ड्ससँग पछि परेको छ ।

**श्री मालपोत कार्यालय मकवानपुरबाट**
**मिति २०८०/०२/२३ मा जारी भएको नामसारीको**
**हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

| | |
|---|---|
| निवेदन-पदम ब. भोलन/सुन्दरी माया भोलन (छोरा/बुहारी) | ज.ध. इन्द्र बहादुर वाइबा तामाङ (बाबु) |

यसमा जिल्ला मकवानपुर साविक बेतीनी गाविस वडा ४ को कि.नं. १९९, २००, २०७, २११ र २३७ को क्षेत्रफल क्रमश ज.वि. ०-७-४, ०-७-१९, ०-१४-९, ०-४-१४ र ०-१४-७ को जग्गाधनी इन्द्र बहादुर वाईबाको मिति २०५७/१२/१८ मा मृत्यू भएको, निज जग्गाधनीको दुई पत्नीहरुमध्ये जेठी काली माया भोलनको मिति २०५१/१०/१४ मा र कान्छी पत्नी आदिमाला भोलनको पनि मिति २०५५/१/१७ मा मृत्यू भएको, जग्गाधनीको जेठी पत्नीको तर्फबाट ३ छोराहरु पदम बहादुर भोलन, जित ब. भोलन र कृष्ण बहादुर भोलन भएको र कान्छी पत्नी तर्फबाट १ छोरा बिर बहादुर भोलनको मिति २०७०/५/२० मा मृत्यू भएको र बिर बहादुरको हकमा एकमात्र पत्नी सुन्दरी माया भोलन भएकोले उल्लेखित जग्गा पदम बहादुर भोलन र सुन्दरी माया भोलनको नाममा संयुक्त नामसारी गराईपाउँ भनी बागमती गाउँपालिका, वडा सर्जमिन मुचुल्का, नाता प्रामणित, सक्कल पुर्जा समेत लगायतका कागजातहरु संलग्न राखि द.नं. १७४६३ मिति २०८०/२/१७ मा मागदावी निवेदन पेश गर्नु भएकोमा वडा कार्यालयको सिफारिस सहित मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा जग्गाधनीको नाम श्रेस्ता पुर्जामा इन्द्र बहादुर वाइबा तमाङ भएको तर निवेदकहरुको नागरिकता, ज.ध. को मृत्यू दर्ता लगायतका कागजातहरुमा जग्गाधनीको नाम इन्द्र बहादुर भोलन भएको, जग्गाधनीको पालन पोषण र काजकृया समेत नखुलेकोले जग्गाधनीको फरक फरक नाम/थरको सम्बन्धमा, जग्गाधनीको हकदारहरु, पालन पोषण/सदगद र हकभोगको सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकासित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकासित भएको पत्रिका प्राप्त भई म्याद भूक्तान भए पछी पेश गर्नू भनी भएको आदेश बमोजिम यो पैंतीस दिने सार्वजनिक सूचना प्रकासित गरिएको छ ।

अत: निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदकको बाबु इन्द्र बहादुर भोलन र जग्गाधनी ईन्द्र बहादुर वाईबा तामाङ एकै व्यक्ति नभइ फरक फरक व्यक्ति भएको भए वा जग्गाधनीको अन्य कोहि हकदारहरु पनि भए वा जग्गाधनीको पालनपोषण र सदगद अरुलेनै गरेको भए वा जग्गामा अन्य कोहि कसैको हकभोग भए वा उल्लेखित जग्गा निवेदकहरुको नाममा नामसारी गर्दा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकुल असर पर्ने भए वा निवेदकको माग बमोजिम नामसारी हुनु/गर्नु नहुने कुनै कारण भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र **मालपोत कार्यालय मकवानपुर**मा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

ईति संवत २०८० साल जेष्ठ महिनाको २३ गते रोज ०३ शुभम ।

# कन्सल्टेन्सी बने म्यानपावर, झनै बढ्यो ठगी

काठमाडौं / वैदेशिक रोजगार विभागले बिहीबार कलंकीस्थित युनिम्याक्स एजुकेसन कन्सल्टेन्सीमा छापा मार्‍यो । सामाजिक सञ्जालमार्फत माल्टा, क्रोयसिया र रोमानिया रोजगारीका लागि पठाउने भन्दै विज्ञापन गरेपछि कन्सल्टेन्सीमा छापा मार्दा विभागले विभिन्न प्रमाणहरु नै संकलन गरेको छ । यस्तो विज्ञापन गरेर कम्पनीले ५० हजारदेखि एक लाखसम्म अग्रिम रकम असुल गरिसकेको विभागको प्रारम्भिक अनुसन्धानमा देखिएको छ ।

कन्सल्टेन्सीका रुपमा दर्ता भएर म्यानपावरका रुपमा काम गर्ने र ठगी गर्ने शैली पछिल्लो समयमा मौलाएको छ । युरोप, अमेरिकाका विभिन्न देशमा रोजगारीका लागि पठाउन अहिले कन्सल्टेन्सीहरुमार्फत नै धन्दा चलाउन थालिएको छ । यस्तो धन्दा गर्ने धेरै कन्सल्टेन्सी र त्यसका सञ्चालकले श्रमिकहरुसँग अग्रिम रुपमा रकम असुलेर वर्षौं झुलाउने, ठग्ने, फरार हुने गरिरहेका छन् ।

कनेक्टिएयर वर्ल्ड कन्सल्टेन्सी पनि मानव तस्करीमा मुछिएको अर्को शैक्षिक परामर्शदाता हो । गत वैशाखमा करिब ९० जनाबाट साढे २ करोड ठगी भएको उजुरी परेपछि यसका कर्मचारी पक्राउ परि सकेका छन् । फरार रहेका सञ्चालकद्वय अजित तामाङ र सागर तामाङ प्रहरीको खोजी सूचीमा छन् । पोर्चुगल, माल्टा, रोमानिया, क्रोएसियालगायत देशमा पठाइदिन्छु भन्दै रकम उठाउने धन्दा चलाएको यो कन्सल्टेन्सीले एकै व्यक्तिबाट १२ लाखसम्म उठाएको छ ।

वैदेशिक रोजगार विभागले कन्सल्टेन्सी भएर पनि म्यानपावरको शैलीमा चलिरहेको जेनियस एजुकेसन एन्ड कन्सल्टेन्सीका सञ्चालक सुजन भट्टराईविरुद्ध वैदेशिक रोजगार न्यायधिकरणमा मुद्दा नै दाय गररिसकेको छ । इन्टरनेसनल एक्स्पो एन्ड ट्राभल सर्भिस कन्सलटेन्सीका सञ्चालक राधा सुवेदीविरुद्ध पनि न्याधिकरणमा मुद्दा चलेको छ । पोर्चुगल, स्पेन, फ्रान्स, माल्टामा आकर्षक तलव सुविधा दिने गरी रोजगारी दिने भन्दै ठगी गर्न उनीहरु संलग्न थिए ।

वैदेशिक रोजगार विभागमा महानिर्देशक मदन दहालका अनुसार पछिल्ला दिनमा विदेशमा विद्यार्थी पठाउन खुलेका विभिन्न शैक्षिक परामर्शदाता कम्पनीहरुले म्यानपावरको समानान्तर गतिविधि गरिरहेका छन् । अझ उनीहरुले नियमनको दायरामा नरहेकाले धेरै जान ठगिने घटना बढ्न थालेका छन् ।

विभागमा यस्ता कन्सल्टेन्सीहरु ठगी गरेको उजुरी बढ्न थालेका छन् । 'फेसबुकको फिड स्क्रोल गर्दा प्रत्येक २-४ वटा पोस्टपछि विदेशमा रोजगारी भन्दै कन्सल्टेन्सीहरुले गरेको विज्ञापन भेटिन थालेको छ,' उनी भन्छन् ।

**मौलायो ठगी**

वैदेशिक रोजगारीमा पठाइदिने भन्दै पछिल्लो समय असम्बन्धित संस्थाहरु बढी सक्रिय हुन थालेका छन् । नक्कली म्यानपावर कम्पनी खडा गर्नेहरुदेखि कन्सलटेन्सी र ट्राभल एजेन्सी चलाउनेहरुले युवालाई प्रलोभनमा पारेर ठगी गर्ने क्रम बढेको वैदेशिक रोजगार विभाग बताउँछ ।

रोजगारविहीन भएका धेरै युवाहरु राम्रो आय हुने देशमा जान चाहेपनि पर्याप्त माग नआएकाले अवसरको खोजीमा म्यानपावर कम्पनीमा भौतारिरहेको अवस्था छ । बेरोजगार युवाको यो बाध्यताको गलत फाइदा उठाउन कन्सल्टेन्सी खडा गर्दै ठग्ने गिरोहहरू बढेको विभागको अनुगमनहरुबाट खुलेको छ ।

वैदेशिक रोजगार विभागका प्रवक्ता गुरुदत्त सुवेदी अनुगमनका क्रममा कन्सल्टेन्सीहरु पनि म्यानपावर कम्पनीजस्तै गरी काम गरिरहेको भेटिन थालेको बताउँछन् । रिक्रुटमेन्ट एजेन्सीकै शैलीमा कार्यालय खडा गरेर बस्नेहरू थुप्रै भेटिन थालेकाले युवा सचेत हुनुपर्ने उनको भनाइ छ ।

वैदेशिक रोजगार ऐनले इजाजतपत्रबिना कसैले पनि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न नपाउने व्यवस्था गरेको छ । यस्तो गतिविधि गरेमा तीन वर्षदेखि सात वर्षसम्म कैद हुने व्यवस्था छ।

कसैले इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुटो आश्वासन दिई वा प्रलोभन देखाइ वैदेशिक रोजगारीमा लगाइदिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसलाई ऐनविपरीतको कसुर मानिन्छ ।

इजाजत नभएका जोकसैले यसरी लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम हर्जानाबापत असुल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्चसमेत भराएर निजलाई तीन लाखदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुने व्यवस्था ऐनले गरेको छ । विदेश नपठाई सकेको भए सो सजायको आधा सजाय हुने व्यवस्था छ ।

'कानुन मिचेर समाजिक सञ्जालमा म्यानपावर एजेन्सीकै शैलीमा विज्ञापन गरेर वैदेशिक रोजगारीमा पठाउने धन्दामा कन्सल्टेन्सीहरु लाग्ने क्रम बढेको पाइएको छ,' प्रवक्ता सुवेदीले भने,'कानुनत: यो अवैध काम निरुत्साहित गर्नैपर्ने देखिएको छ ।' क्षेत्राधिकार नाघेर काम गर्ने कन्सल्टेन्सीविरुद्ध कारवाहीका लागि अनुगमनलाई तीव्रता दिइएको उनले बताए ।

टिकटक, फेसबुक, ह्वाट्सएप, भाइबरमार्फत प्रलोभनमा पार्दै विदेशबाट समेत कन्सल्टेन्सीका प्रतिनिधि ल्याएर ठग्न थालिएको विभागको भनाइ छ । गत ६ जेठमा होटल मेरियटमा सरकारसँग कुनै पूर्वस्वीकृति नलिई टिकटकमार्फत विज्ञापन गरेर वैदेशिक रोजगारीका लागि अन्तर्वार्ता लिन लागिएको अवस्थामा दुई विदेशी नागरिक पक्राउ परेका थिए । 'विभिन्न मुलुकमा आकर्षक तलब सुविधा भन्दै प्रलोभनमा पार्ने र पैसा उठाएर अलपत्र पार्ने क्रम बढ्दै गएको छ,' उनले भने, 'युवा सचेत हुनुपर्छ ।'

**किन बढ्यो ?**

व्यक्तिगत रुपमा एजेन्ट भएर काम गर्दा श्रमिकलाई विश्वासमा लिन गाह्रो हुने भएपछि यस्तो तरिका अपनाएको हुनसक्ने विभागको अनुमान छ । धेरै कन्सलटेन्सीहरुले म्यानपावर कम्पनीसँग मिल्दोजुल्दो नाम राखेर ठगीधन्दा चलाउने गरेका छन् ।

यस्ता कन्सल्टेन्सीहरूले एक-दुई जनालाई व्यक्तिगत तवर बाट भिसा दिलाएर विदेश पठाउने र तिनीहरूलाई देखाएर धेरै युवालाई प्रलोभनमा फसाउने गरेका छन् । विभिन्न प्रलोभन देखाएर युवालाई विभिन्न भिसामा पठाउने र त्यहाँ पुगेपछि भनेजस्तो काम, तलब र सुविधा नदिने गरेको पाइएको छ ।

त्यसबाहेक पैसा उठाएर भाग्ने प्रयोजनका लागि समेत कार्यालय खडा गर्नेहरू पनि भेटिन थालेका छन् । 'काठमाडौंसहित जिल्ला-जिल्ला तहसम्म यस्तो विकृति देखिएको छ,' विभागका एक अधिकारी भन्छन् ।

सरकारले म्यानपावर दर्ता गर्न न्यूनतम् ५० लाख धरौटी राख्नुपर्ने व्यवस्था गरेपछि कन्सल्टेन्सीका रुपमा दर्ता भएर वैदेशिक रोजगारको ठगी धन्दा चलाउने क्रम मौलाएको ती अधिकारीको दाबी छ । वैदेशिक रोजगार ऐनअनुसार वार्षिक तीन हजारभन्दा कम कामदार पठाउने गरी कम्पनीले ५० लाख रुपैयाँ धरौटी र एक करोड रुपैयाँ बैंक ग्यारेन्टी राख्नुपर्छ । तीन हजारभन्दा बढी र पाँच हजारभन्दा कम कामदार पठाउने कम्पनीले एक करोड धरौटी र दुई करोड बैंक ग्यारेन्टी राख्नु पर्छ । वार्षिक पाँच हजारभन्दा बढी कामदार पठाउने कम्पनीले दुई करोड रुपैयाँ धरौटी चार करोड बैंक ग्यारेन्टी तोकिएको छ । यस्तो ग्यारेन्टी श्रमिकहरु ठगीमा पर्दा कम्पनीले तिर्न नचाहेमा सरकारले भराइदिनसक्ने गरी राख्न लगाइएको हो ।

तर, ठग्ने नियत राखेर काम गर्ने म्यानपावर सञ्चालकहरुदेखि एजेन्टहरुले धरौटी जफत हुने जोखिम देखेर कन्सल्टेन्सीलाई माध्यम बनाएका छन् । यसले गर्दा ठगी गरेपनि सरकारले श्रमिकलाई धरौटीबाट क्षतिपूर्ति दिलाउन नसक्ने अवस्था बनेको उनको भनाइ छ ।

'प्रक्रियाभित्र गएर विदेशबाट आएको मागपत्र प्रमाणीकरण गराइरहन पनि नपर्ने र श्रमिकलाई जति ठगे पनि उन्मुक्ति पाइने र भविष्यमा श्रमिकलाई समस्या परे जिम्मेवारी बोक्नु पनि नपर्ने भएपछि म्यानपावरको नामबाट ठग्नुभन्दा कन्सल्टन्सीबाट ठग्नु सहज भइदियो,'उनी भन्छन्,'कन्सल्टेन्सीमा शिक्षा मन्त्रालयले अनुगमन भन्ने हुँदै नहुने भएकाले मानव तस्करहरुका लागि यो सुरक्षित पनि भयो ।'

यस्ता कन्सल्टेन्सीहरुको नियमन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्दै आएको छ । तर, विदेश पठाउने नाममा कन्सल्टेन्सीबाट हुने ठगी रोक्न मन्त्रालय उदासीन छ । शिक्षा मन्त्रालयका प्रवक्ता दीपक शर्मा शैक्षिक परामर्शका लागि खुलेका कन्सल्टेन्सीले वैदेशिक रोजगारीको काम गर्ने गरेको गुनासो बढेको बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

साझाकुरा


"तपाई, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेबसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# गरिब र धनीको खाडलले मानव अधिकारविरुद्धका घटना बढे



साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/नेपाली समाजमा गरिब र धनीहरुको खाडल निरन्तर बढ्दै गइरहेकाले मानव अधिकारविरुद्धका घटना बढेको औंल्याइएको छ ।

गरिबीमा रहेकाहरुको न्यायदेखि सार्वजनिक सेवासम्म पहुँच नहुनु र धनाढ्य वर्गको पहुँच राजनीतिदेखि सबै क्षेत्रमा हुनुले मानवअधिकारविरुद्धका घटना बढेको एक कार्यक्रममा सहभागीहरुले बताएका छन् । हेटौंडामा शुक्रबार भएको बागमती प्रदेश मानवअधिकार अवस्था र नागरिक समाजको भूमिका विषय अर्न्तक्रियामा बोल्दै सहभागीहरुले गरिबी र धनीबीचको खाडल हटाउनुपर्नेमा जोड दिएका थिए । छलफलमा सहभागी भएकी राष्ट्रिय अपाङ महासंघ बागमती प्रदेशकी सीता मल्लठकुरीले अपाङ्गता भएकाहरुलाई राज्यले मानवअधिकारको प्रत्याभूति दिलाउन नसकेको बताइन् ।

अपाङ्गता भएकाहरु शारीरिक अशक्तसँगै गरिबीसँग पनि जुध्दै आइरहेकाले उनीहरुको न्यायदेखि सार्वजनिक सेवासम्म पहुँच हुन नसकेको ठकुरीले बताइन् । अपाङ्गता भएकाहरुको अधिकारका लागि राज्यको तीनैवटा तह संघ, प्रदेश र स्थानीय निकायले कुनै चासो नदिएको गुनासो गरिन् । न्याय खोज्न अदालतदेखि प्रहरी कार्यालयसम्म पनि नसक्ने अवस्थामा रहेका अपाङ्गता भएकाहरुलाई सरकारी निकायले चासो र प्राथमिकतामा राख्नुपर्ने उनको भनाई छ । विगत ३० वर्षदेखि मानवअधिकारको क्षेत्रमा कलम चलाउँदै आएका पत्रकार प्रताप विष्टले कानुनमै विभेद रहेको बताए ।

आगामी आर्थिक वर्ष २०८०/८१ का लागि संघीय सरकारले ल्याएको बजेटमै नेताहरुको सुविधा नकाटेर कर्मचारीको सुविधा कटौती गर्नु विभेद भएको विष्टको भनाई छ । वडाअध्यक्ष र पालिका प्रमुखहरु २ पटक मात्रै उम्मेदवार हुन पाउने कानुनमा भनेपनि कानुन बनाउने सांसदहरुले जतिपटक पनि चुनाव लड्न पाउने भएपछि कानुनमै विभेद भएको उनको भनाई थियो । विष्टले गरिब र धनीको खाडल बढेकाले मानवअधिकारविरुद्धका घटना पनि बढेको बताए ।

बालकल्याण समाज मकवानपुरका प्रकाश खतिवडाले मानवअधिकार उल्लङ्घनका घटनामा आवाज उठाउने नागरिकसमाज नै हराएको टिप्पणी गरे । उनले नागरिकसमाज एकजुट हुन नसकेको बताए । सिबिन नेपालका मकवानपुर कार्यक्रम संयोजक झविन्द्र ज्ञवालीले विद्यालयको सहज पहुँच नहुँदा बालबालिकाहरु विद्यालय जान छोडेको बताए । विद्यालय जान छोडेपछि बालबालिकाहरु बालविवाह र बालश्रममा लाग्ने गरेको उनको भनाई छ । माइती नेपाल मकवानपुरकी संयोजक माया तामाङले ढिला न्याय दिने विषयले पीडित होस्टाइल हुन सक्ने देखिएकोले अपराधी छुट्ने सम्भावना बढेको बताइन् । वडा र पालिकाहरुले पार्टी निकटकालाई सहजै सिफारिसपत्र बनाइदिने र सामान्य सर्वसाधारणको सिफारिस बनाउन ढिलासुस्ती गर्नुले पनि अधिकार कुण्ठित हुन पुगेको उनले बताइन् ।

नेपालमा मानवअधिकार रक्षक कानुन बन्नुपर्ने अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का केन्द्रीय अध्यक्ष डा.कुन्दन अर्यालले बताएका छन् । अर्यालले नेपालको कानुनमा मानवअधिकार रक्षक उल्लेख हुनुपर्ने बताएका हुन् ।

उपयुक्त मानवअधिकार कार्यान्वयन नभएकाले संरक्षण गर्नेले बिगारेको, राजनीति संरक्षण गर्ने, कानुनको शासन नरहेकाले समस्या उत्पन्न भएको बताए । शान्तिसम्झौता टुंग्याउन नसकेको अवस्थामा न्यायिक प्रक्रिया अगाडि नबढ्नु मानवअधिकार उल्लंघन रहेको बताए । कार्यक्रममा बागमती प्रदेश प्रहरी कार्यालयका वरिष्ठ प्रहरीउपरीक्षक दीपक रेग्मीले मानवअधिकार उल्लङ्घनका घटनाहरुमा प्रहरीले काम गरिरहेको बताए ।

उनले राज्यलाई जवाफदेही र उत्तरदायी बनाउनुका साथै पीडितलाई न्याय दिनेतर्फ लाग्नुपर्ने बताए । आर्थिक, सामाजिक, सांस्कृतिक कुराहरुमा ध्यान दिनु आवश्यक रहनुका साथै महिला र बालबालिकाका अधिकार सुनिश्चित गर्न सबै पक्ष लाग्नुपर्ने बताए । कार्यक्रममा इन्सेकका विजयराज गौतम, बागमती प्रदेशका पूर्वसंयोजक कृष्ण गौतम, संयोजक गणेश भण्डारी, मकवानपुर प्रहरीप्रमुख बामदेव गौतमलगायतको उपस्थिति थियो ।

इन्सेकले गरेको अध्ययनले नेपालमा महिला तथा बालबालिका बढी पीडित रहेको पाइएको छ । सन् २०२२ मा मानवअधिकार उल्लंघन तथा ज्यादतीमा अपहरण, गिरफ्तारी, कुटपिट, घाइते, बालअधिकार हनन्, महिला अधिकार, अमानवीय व्यवहार, धम्की, यातना, बेपत्ता, हत्या, सबै प्रकारका जातीय विभेद जस्ता घटनाको तथ्यांकीय अवस्थामाथि अन्तक्रिया भएको थियो । इन्सेकको तथ्यांकले मानवअधिकारको घटना बढ्दो क्रममा रहेको देखाएको छ । राज्य र गैरराज्य तर्फबाट मानवअधिकार उल्लंघनको घटना बढ्दो अवस्थामा रहेको इन्सेकको तथ्यांक छ । अनौपचारिक क्षेत्र सेवाकेन्द्र (इन्सेक) ले सन् २०२१ को तुलनामा सन २०२२ मा मानव अधिकार उल्लंघनको घटना बढेको वर्ष पुस्तकमा उल्लेख गरेको छ ।

इन्सेकले नेपाल मानव अधिकार वर्षपुस्तक-२०२३ प्रकाशन गर्दै अभिलेखअनुसार सन् २०२२ मा बागमती प्रदेशमा मानवअधिकार उल्लंघन र ज्यादतीका घटनामा १ हजार ४ सय २५ जना पीडित भएका छन् । सन् २०२१ मा १ हजार १ सय ८३ जना पीडित भएका थिए । २०२२ मा मानवअधिकार उल्लंघनका घटनामा राज्य पक्षबाट ३४ जना महिला र ३ सय ४१ पुरुष गरी जम्मा ३ सय ७५ जना तथा ज्यादतीका घटनामा अन्य पक्षबाट ८ सय ७७ जना महिला, १ सय ७२ जना पुरुष र १ जना अन्य (यौनिक अल्पसंख्यक) सहित जम्मा १ हजार ५० जना पीडित भएको इन्सेकको अभिलेखमा उल्लेख छ ।

मकवानपुरमा सन् २०२२ को जनवरीदेखि डिसेम्बरसम्म अर्थात २०७८ पुसदेखि २०७९ पुससम्म मानव अधिकार उल्लंघन तथा ज्यादतीका ७० वटा घटना भएका थिए । जसमा राज्यपक्षबाट ७ जना र अन्यपक्षबाट ६६ जना मानिस पीडित भएको इन्सेक बागमती प्रदेश कार्यालयले जनाएको छ । जसमध्ये ५० जना महिला, २२ जना पुरुष र १ जना लैगिंक तथा अल्पसंख्यक समुदायको व्यक्ति पीडित भएको इन्सेकले जनाएको छ । बालअधिकारका घटनामा २५ जना बालिका पीडित भएकोमा २१ जना बलात्कारमा परेका छन् भने ३ जना यौन दुर्ब्यवहारका घटना र १ नवजात शिशु हत्याको घटना भएको थियो ।

# महिलालाई सहकारी शिक्षा




साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/मकवानपुरगढी गाउँपालिका वडा नम्बर ५, कालिवनस्थित महिला कल्याण बचत तथा ऋण सहकारी संस्थाले सहकारीसम्बन्धी शिक्षा प्रदान गरेको छ ।

आफ्नो कार्यक्षेत्र रहेको चुवारपाखामा शेयर सदस्यलाई सहकारी शिक्षा सचेतना प्रदान गरिएको हो । सहकारीको वार्षिक कार्यक्रमअन्तर्गत शेयर सदस्यलाई सहकारीका पछिल्लो नीति, नियम, कानुन ऐन र सहकारीमा भएका नयाँ व्यवस्थाबारे जानकारी दिने उद्देश्यले एक दिने सहकारी शिक्षा सचेतना कार्यक्रम सञ्चालन गरिएको संस्थाका व्यवस्थापक मेनुका न्यौपानेले बताइन् ।

पछिल्लो समय सहकारीमा भएका समस्या, आर्थिक मन्दी लगायतको विषयमा जानकारी दिदैं संस्थाका सहकारी सम्बन्धी योजना तथा कार्यक्रमहरुबारे समेत जानकारी गरिएको व्यवस्थापक न्यौपानेले बताइन् । सहकारी शिक्षा सचेतना कार्यक्रममा ५३ जना महिलाको सहभागिता रहेको थियो ।

# लागूऔषधसहित थाहाका मगर पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/काठमाडौं चन्द्रागिरी नगरपालिका-२ बाडभञ्ज्याङबाट मकवानपुरका एक युवक लागूऔषधसहित पक्राउ परेका छन् ।

मकवानपुरको थाहा नगरपालिका-७ बस्ने ३० वर्षीय सबिन थापा मगरलाई प्रहरीले लागूऔषध ओसारपसार गरेको आरोपमा चन्द्रागिरीबाट पक्राउ गरेको हो । उनको साथबाट लागूऔषध गाँजाको धुलो करिब ४ केजी ५ सय ग्राम फेला परेको प्रहरीको दाबी छ । मगरलाई प्रहरी प्रभाग नागढुंगा र लागूऔषध नियन्त्रण ब्यूरोबाट खटिएको संयुक्त टोलीले पक्राउ गरेको जनाइएको छ ।

शुक्रबार बिहान मकवानपुरदेखि काठमाडौंतर्फ जाँदै गरेको लु ५ प ३२०५ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनको साथबाट प्रहरीले सो परिणामको लागूऔषध बरामद गरेपछि प्रहरीले उनलाई नियन्त्रणमा लिएको जनाएको छ ।

**आगलागी हुन नदिन चनाखो बनौं ।**

**आगलागीबाट बच्न,**

- खाना पकाई सकेपछि आगो, ग्याँस चुल्हो, स्टोभ वा हिटर निभाऔं ।
- सिलिण्डरको रेगुलेटर, पाईप वा चुल्होबाट ग्यास लिक भए नभएको यकिन गरौं ।
- ग्यासको गन्ध आए बेवास्ता नगरौं ।
- सलाई, लाईटर बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं ।
- दाउरा बालेर खाना पकाईसकेपछि पानी छ्यापेर आगो निभाऔं ।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं । खाएमा आगो राम्ररी निभाऔं ।
- विजुलीका तार, प्लग, स्वीच वा वायरिङ ठीक अवस्थामा भए नभएको जाँच गरौं ।
- घरवरी नजिकै पोखरी, ट्यांकी वा अरु कुनै तरिकाले पानीको जोहो गरिराखौं ।

आगलागीजन्य विपद्बाट बच्न चनाखो बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बागमती प्रदेश फुटबल संघको महासचिवमा ठकुरी


हेटौंडा, २६ जेठ/अखिल नेपाल फुटबल संघ (एन्फा) को बागमती प्रदेश समितिको महासचिवमा मकवानपुरका लवराज ठकुरी चयन भएका छन् ।

प्रतिभा युवा क्लबबाट खेल गतिविधिमा निरन्तर सक्रिय रहेका ठकुरीलाई प्रदेश फुटबलको महासचिवमा चयन गरिएको हो । प्रदेश समितिको अध्यक्षमा काभ्रेका निरोज श्रेष्ठ चयन भए । शुक्रबार भएको प्रथम भेलाले श्रेष्ठको अध्यक्षतामा समिति चयन भएको हो । संघको उपाध्यक्षमा दीपक चित्रकार, बाबुराजा श्रेष्ठ, रोजितमानसिंह बस्नेत, कोषाध्यक्षमा प्रवीण श्रेष्ठ चयन भएका छन् । समितिमा ११ सदस्य रहने गरी प्रदेश समिति चयन गरिएको हो ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

**आधुनिक सुन चाँदी पसल**

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

**प्रो. राजु सेन्चुरी**
सम्पर्क नं. :
९८४५५३०५६३, ९८१५२२४३५३

**आवश्यकता**

यस साझाकुरा राष्ट्रिय दैनिकका लागि निम्न अनुसार अनुभवी, सक्रिय र इमानदार कर्मचारी आवश्यक भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकले निम्न ठेगानामा आवश्यक कागजातसहित सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**पद** : मार्केटिङ्ग म्यानेजर
**योग्यता** : कक्षा १२ उत्तीर्ण
**कामको समय** : विहान ११:०० बजेदेखि साँझ ७:०० बजेसम्म ।
**अनुभव** : कम्तिमा १ वर्ष पत्रपत्रिकाको मार्केटिङ्गसम्बन्धी ज्ञान ।
: मोटरसाइकल चलाउन जान्ने, लाइसेन्स भएको
**तलब** : आपसी समझदारीमा तय गरिने ।

साझाकुरा
www.sajhakuranews.com
हेटौंडा-१, साझाचोक, चौकीटोल
०५७-५२१११५, sajhakura@gmail.com

**पालुङ्ग बहुउद्देश्यीय सहकारी सस्ंथा लि.**
**PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD**
पालुङ, मकवानपुर । Palung, Makawanpur

**तपशिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८०/०२/२७

यस सहकारी संस्थाबाट तपशिलका ऋणीहरुलाई तपशिलमा उल्लेख भएबमोजिमको कर्जा सम्झौताको शर्त तथा तालिकाअनुसार बुझाउनु पर्ने सावाँ ब्याज रकम संस्थाले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक-पटक म्याद दिँदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस दिन) भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कर्जा सम्बन्धि सम्झौताका शर्त, लिखत तथा प्रचलित नेपाल कानून बमोजिम कर्जा असूल्ने क्रममा तपाईले धितो बन्धक स्वरुप यस संस्थामा सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति बेचविखन गरी कर्जा रकम असूलउपर गरी लिइनेछ । सोबाट समेत असुलउपर हुनुपर्ने सम्पूर्ण रकम असुलउपर हुन नसकेमा प्रचलित कानूनअनुसार तपाई ऋणीको अन्यचलअचल सम्पत्ति, जायजेथा समेतबाट संस्थाले आफ्नो लेना रकम असुलउपर गरि लिनेछ । उपरोक्त कारवाहीको शिलशिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम असुलउपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण बापत जमानी बसी दिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानीगर्न आउनु होला । अन्यथा सोहीअनुसार भै जाने व्यहोरा समेत सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल

| ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
| --- | --- | --- |
| **नाम** : आषिश कुश्वार माझी<br>बाबुको नाम : जनकबहादुर माझी<br>बाजेकोको नाम : कानबहादुर माझी<br>ना.प्र.प.नं. १००५/८९५८<br>जारी मिति: २०६८/०७/२५<br>ठेगाना: छतिवन ९, मकवानपुर |  | आषिश कुश्वार माझीको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हटिया गा.वि.स वार्ड नं ८ स्थित कि.नं. ४३६६ र ४३७५ को क्षेत्रफल ०-१-१०-०/०-३-१२-० को जग्गा । |
| **नाम** : रामकुमार रायमाझी<br>बाबुको नाम : गुण बहादुर रायमाझी<br>बाजेकोको नाम : जुद्ध बहादुर रायमाझी<br>ना.प्र.प.नं. ६०/३९५३६<br>जारी मिति: २०६३/०७/२६<br>ठेगाना: हाडिखोला २, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम** : गुण बहादुर रायमाझी<br>बाबुको नाम : जुद्ध बहादुर रायमाझी<br>बाजेकोको नाम : भक्तबहादुर रायमाझी<br>ना.प्र.प.नं. ४८८/५४८<br>जारी मिति: २०४३/०९/०७<br>ठेगाना: हाँडिखोला २, मकवानपुर | <br> | गुण बहादुर रायमाझीको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हाडिखोला गा.वि.स वार्ड नं २ स्थित कि.नं. १९५४ को क्षेत्रफल ०-०-१६-० को जग्गा । |
| **नाम** : अच्युत गुँईदेल नेपाली<br>बाजेको नाम : गोकुले<br>बाबुको नाम : माईला नेपाली<br>ना.प्र.प.नं. ३१३०३७/१३९<br>जारी मिति: २०६३/१०/१०<br>ठेगाना: दामन ३, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम:** मिना गुँईदेल<br>बाबुको नाम: शम्भु राना मगर<br>पतिको नाम : अच्युत गुईदेल दमाई<br>ना.प्र.प.नं. ३१३०३७/४९८<br>जारी मिति: २०६३/१०/१३<br>ठेगाना: दामन ३, मकवानपुर | <br> | अच्युत गुँईदेलको नाउँमामा लपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला दामन गा.वि.स वार्ड नं ३ स्थित कि.नं. ४३ को क्षेत्रफल ४८.५-०-०-० को जग्गा । |

| ऋणीको तिनपुस्ते विवरण | फोटो | ऋणीको तिनपुस्ते विवरण | फोटो |
| --- | --- | --- | --- |
| **नाम:** अस्मित अधिकारी<br>बाबुको नाम : सम्भु प्रसाद अधिकारी<br>बाजेको नाम : टेक नाथ अधिकारी<br>ना.प्र.प.नं. ३११००९/७५६१६<br>जारी मिति: २०६७/६/१९<br>ठेगाना: आमभञ्ज्याङ्ग ३, मकवानपुर |  | **नाम** : पुनम श्रेष्ठ<br>बाबुको नाम : डम्बर बहादुर सिं थापा<br>बाजेको नाम : धनबहादुर थापा<br>पतिको नाम: शिवश्रेष्ठ<br>ना.प्र.प.नं. ५२१५<br>जारी मिति: २०६०/०२/२९<br>ठेगाना: हेटौंडा ११, मकवानपुर |  |
| **नाम** : लक्ष्मीथिङ्ग तामाङ<br>बाबुको नाम : विर बहादुर थिङ्ग तामाङ<br>बाजेको नाम : डम्बर बहादुर थिङ्ग<br>पतिको नाम : जय बहादुर रुम्बा<br>ना.प्र.प.नं. ४०/६४९<br>जारी मिति: २०५२/१०/२९<br>ठेगाना: हेटौंडा १, मकवानपुर |  | **नाम** : धनकुमारी रुम्बा<br>बाबुको नाम : प्रताप सिं लामा<br>बाजेको नाम : तुलसीबहादुर रुम्बा<br>ना.प्र.प.नं. ३१३०१५<br>जारी मिति:२०६३<br>ठेगाना: चुरीयामाई १, मकवानपुर |  |

सम्पर्क:
**पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको प्रधान कार्यालय,**
थाहानगरपालिका वडा नं-४, थानाबजार, मकवानपुर
फोन नं: ०५७-४०००५, ०५७-४००००६, ६२०२०६, ५२३९४६

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना